जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २२९ ❑ २०८३ भाद्र १९ गते शुक्रबार ❑ Friday, 4 Oct 2026 ❑ मूल्य ७ /-




## रसुवाको भीषण बाढी र अबको मार्गचित्र


✍ ओमप्रकाश गौतम
omgautam2078@gmail.com


३


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**



दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०


# विपद्मा राजनीतिक राष्ट्रिय एकता- कता ?

✍ विमल लामिछाने

**दमक/** विनासकारी भीषण बाढी र पहिरोले देशका विभिन्न भूभागमा जनधनको ठूलो क्षति पुऱ्याएको छ । जलविद्युत् आयोजनाका सुरूङ, मुख्य सडक सञ्जाल र तटीय क्षेत्रका बस्तीहरु संकटमा परेपछि यतिबेला मुलुकभर त्रास र अन्योलको वातावरण सिर्जना भएको छ ।

यस्तो राष्ट्रिय विपद्को समयमा सरकारको उद्धार तथा राहत व्यवस्थापनको प्रभावकारितालाई लिएर प्रमुख विपक्षी दलहरु विशेष गरी नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा, श्रम संस्कृति पार्टी, राप्रपा लगायतका केही नेता र सांसदहरूले कडा असन्तुष्टि जनाएका छन् । झट्ट सुन्दा हो कि क्या हो जस्तो पनि लाग्छ । तर, संकटको यस घडीमा केवल राजनीतिक आरोप-प्रत्यारोपमा सीमित हुनुभन्दा सरकारका सकारात्मक प्रयासको कदर गर्दै विपक्षी दलहरूले पनि आफ्ना भ्रातृ संगठन र युवा शक्तिलाई उद्धारमा उतार्नुपर्ने समय हो ।

विपद्को जोखिम उच्च भएलगत्तै सरकारले आफ्ना सबै उपलब्ध संयन्त्रहरूलाई मैदानमा उतारेको दृश्यलाई सकारात्मक मान्नुपर्छ । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका टोलीहरूले कठिन भौगोलिक अवस्था र प्रतिकूल मौसमका बाबजुद ज्यान जोखिममा राखेर साहसिक उद्धार कार्य गरिरहेका छन् ।

अवरूद्ध भएका मुख्य राजमार्गहरु द्रुत गतिमा खुलाउन भारी उपकरणहरु परिचालन गरिनुका साथै जलविद्युत् आयोजनाका सुरूङ जस्ता जटिल प्राविधिक परिस्थितिमा अन्तर्राष्ट्रिय निकाय र विषयविज्ञहरूसँग समन्वय गरी समाधान खोज्ने प्रयास भइरहेको छ । सीमित स्रोत र साधनका बाबजुद राज्यका तर्फबाट जनधनको रक्षाका लागि भएका यी अग्रसरताहरूको खुलेर प्रशंसा र कदर हुनुपर्छ ।

अर्कोतर्फ, सरकारबाहिर रहेका दलहरूले सरकारले सबैसँग पर्याप्त परामर्श नगरेको र एकाकी ढंगले अघि बढेको गुनासो गरिरहेका छन् । संसद् र सर्वदलीय बैठकहरूमा उनीहरूले मुख्य गरी सर्वपक्षीय संयन्त्रको अभाव, स्थानीय तहसँगको फितलो समन्वय, प्राविधिक उद्धारमा भएको ढिलाइ र सरकार प्रचारमुखी शैलीमा रुमलिएको भन्दै यसप्रति औंला उठाएका छन् । लोकतन्त्रमा सरकारलाई खबरदारी गर्नु र कमी-

**समाचार विश्लेषण**

कमजोरी औंल्याउनु विपक्षीको संवैधानिक दायित्व भए पनि प्राकृतिक विपद् जस्तो संवेदनशील समयमा आलोचना मात्रै पर्याप्त हुन सक्दैन । विरोधका नाममा सँधै विरोधमात्रै गरेर समाधान भेटिँदैन ।

वास्तवमा विपक्षी दलहरूसँग देशैभरि फैलिएको दरिलो राजनीतिक संगठन, युवा संघ, तरूण दल र विशाल कार्यकर्ता पङ्क्ति छ । दलका नेताहरूले अरूवेलापनि भन्ने गरेझैं हजारौंको संख्यामा युवा कार्यकर्ता भएको पार्टीहरूले विपदको अवस्थामा परिचालन गरेर जागरूकता देखाउनु पर्ने हो, सरकारको आलोचनामा मात्र सीमित नभई आफ्ना तल्ला तहका संयन्त्रहरूलाई राहत सामग्री संकलन, पहिरो पन्छाउने र प्रभावितहरूको पुनर्स्थापनामा प्रत्यक्ष परिचालन गर्नु उनीहरूको रचनात्मक दायित्व होइन र ? विपक्षीले सरकारका सही कदमको समर्थन गर्दै आफ्ना कार्यकर्तालाई मैदानमा उतारेर 'हामी संकटमा जनताको साथमै छौँ' भन्ने व्यावहारिक सन्देश दिन सक्नुपर्थ्यो । यो अपेक्षा आम नागरिकको हो र आजको मुख्य खाँचो पनि यही हो । तर अहिले त सडकमा विरोधका स्वरमात्रै सुनिन्छन् ।

विपद्ले कुनै राजनीतिक विचारधारा वा दलीय सीमा हेर्दैन । तसर्थ, सरकारले पनि विपक्षी दलहरूले उठाएका जायज परामर्शका मागहरूलाई गम्भीरतापूर्वक लिँदै निर्णय प्रक्रियालाई

बाँकी ४ पेजमा ▸▸

## सरकारले २२ गते राष्ट्रिय शोक मनाउने

# शुक्रबारदेखि लगातार पाँच दिन बिदा



**दमक/** सरकारले भदौ २३ गते जेन-जी सहिद दिवसका अवसरमा बिदा दिएको छ । विहिबार बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो । गत भदौ २३ र २४ गते नेपालमा ठूलो आन्दोलन हुँदा तत्कालीन सरकार पतन भएको थियो ।

त्यस क्रममा धैरै सार्वजनिक र निजी सम्पत्तिमा तोडफोड तथा आगजनी भएको थियो । जेन-जी पुस्ताले गरेको आन्दोलनका कारण तत्कालीन केपी शर्मा ओलीको सरकार ढलेको थियो । त्यसपछि ६ महिनासम्म सुशिला कार्की प्रधानमन्त्री बनेर २१ फागुनमा निर्वाचन गराएकी थिइन् ।

उक्त निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टीले १८२ सिट प्राप्त गर्दै वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा सरकार गठन गरेको छ । भदौ २३ गते बिदा थप भएसँगै शुक्रबारदेखि लगातार पाँच दिन बिदा हुने भएको छ । शुक्रबार कृष्ण जन्माष्टमी परेको छ भने शनिबार र आइतबार नियमित साप्ताहिक बिदा परेका छन् ।

सरकारले सोमबारका दिन भोटेकोशीमा गएको बाढीका क्रममा हताहत भएका पीडितको स्मरणमा राष्ट्रिय शोकको घोषणा गर्दै बिदा दिएको छ । मंगलबार २३ गते जेन-जी सहिद दिवसको बिदा जोड्दा लगातार पाँच दिन बिदा भएको हो ।

# विज्ञसहित चीनले पठायो तेस्रो चरणको राहत सामग्री

**दमक/** चीन सरकारले उपलब्ध गराएको आपत्कालीन राहत सामग्रीको तेस्रो चरण बिहीबार अपरान्ह नेपाल आइपुगेको छ। चिनियाँ जनमुक्ति सेनाको वायुसेनाको वाई-२० ए ठूलो ढुवानी विमानमार्फत राहत सामग्री त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ल्याइएको हो।

सोही विमानबाट नेपालमा काम गर्न चिनियाँ फरेन्सिक विज्ञहरूको चौथो टोलीका १० जना विशेषज्ञ पनि काठमाडौं आइपुगेका छन्।

राहत सामग्री हस्तान्तरण समारोहमा नेपालका लागि चीनका राजदूत झाङ माओमिङ र नेपालका विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुन सहभागी थिए। उनीहरूले राहत सामग्री ग्रहण गर्नुका साथै नेपाल आइपुगेका चिनियाँ विज्ञ टोलीलाई स्वागत गरेका थिए। चीनबाट आएको तेस्रो चरणको राहत सामग्रीमा शव राख्न प्रयोग हुने फ्रिजर, महामारी रोकथामसम्बन्धी सामग्री तथा दैनिक उपभोगका आवश्यक सामग्री समावेश छन्।

नेपालमा आएको चिनियाँ फरेन्सिक विज्ञ टोलीले पीडितहरूको पहिचान प्रक्रियालाई अघि बढाउन नेपाली पक्षलाई सहयोग गर्ने जनाइएको

बाँकी ४ पेजमा ▸▸

# बाढी प्रभावित क्षेत्रबाट ११ हजार ९९३ जनाको उद्धार

**दमक/** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भोटेकोशीको बाढी प्रभावित क्षेत्रबाट हालसम्म ११ हजार ९९३ जनाको उद्धार गरिएको जनाएको छ ।

प्राधिकरणले नेपाली सेनाको हवाई उद्धारमार्फत चार हजार ९१ नेपाली र २७३ विदेशी नागरिकको उद्धार गरिएको जानकारी दिएको छ ।

प्राधिकरणका प्रवक्ता शान्ति महतले बाढी तथा विपद्का घटनामा घाइते भएका कुल पाँच हजार १३५ जनाको उपचार गरिएको जानकारी दिइन् । उनले नेपाली सेनाबाट तीन हजार २०६, सशस्त्र प्रहरी बलबाट एक हजार ६२८ र विभिन्न अस्पतालमा ३०१ जनाको उपचार गरिएको जानकारी दिइन् ।

प्राधिकणका अनुसार उद्धार गरिएकामध्ये तीन हजार ९४८ जना 'होल्डिङ सेन्टर'मा छन् । 'नुवाकोटमा दुई हजार ९८१, धादिङमा २६०, रसुवामा ३२० र काठमाडौंमा ३८७ जना रहेका छन्,' प्रवक्ता महतले भनिन्, 'खोज, उद्धार तथा राहतका लागि २१ हजार ४०२ सुरक्षाकर्मी परिचालन गरिएको छ । नेपाली सेना नौ हजार २८७, नेपाल प्रहरी सात हजार ९१२ र सशस्त्र प्रहरी बल नेपालका चार हजार २०३ जना सुरक्षाकर्मी परिचालन भएका छन् ।'

उनका अनुसार प्रभावित क्षेत्रमा काठमाडौँबाट ४५ ट्रक, ३७ बोलेरो, नौ हेलिकप्टर उडान र १४ मिनीट्रकमार्फत राहत सामग्री पठाइएको तथा सशस्त्र प्रहरी बलले नुवाकोट र रसुवामा १३० हवाई उडानमार्फत राहत सामग्री ढुवानी गरेको छ ।

प्राधिकरणका अनुसार प्रभावित क्षेत्रमा हाल ४६ हजार लिटर डिजेल, २४ हजार लिटर पेट्रोल र २१ हजार लिटर हवाई इन्धन मौज्दात रहेको छ ।

नेपाल टेलिकमका क्षति पुगेका ११० वटै टावर सञ्चालनमा आएका छन् भने एनसेलका ७८ मध्ये ७५ टावर सञ्चालनमा आइसकेको प्राधिकरणले जनाएको छ ।

# आज श्रीकृष्ण जन्माष्टमी



**दमक**/आज श्रीकृष्ण जन्माष्टमी देशभर विविध कार्यक्रम गरि मनाइदै छ। भाद्र कृष्ण अष्टमीका दिनमा प्रत्येक वर्ष मनाइने श्रीकृष्ण जन्माष्टमी पर्व आज भगवान् श्रीकृष्णको पूजा आराधना गरी मनाइँदैछ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगको अन्त्यतिर भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएको सम्झनामा आजको दिनमा श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने गरिएको हो। दुर्जनको विनाश गरी सज्जनको रक्षाका लागि भगवान् विष्णुको आठौँ अवतारका रुपमा श्रीकृष्णको जन्म भएको शास्त्रमा वर्णन गरिएको छ। कंशको अत्याचारबाट मानव जातिलाई मुक्ति दिनका लागि वासुदेव र देवकीको आठौँ गर्भबाट भगवान् विष्णुको आठौँ अवतारका रुपमा भएको धार्मिक विश्वास छ। कंशले जेलनेलसहित बन्दी बनाएको अवस्थामा देवकीबाट श्रीकृष्णको जन्म भएको थियो।

# भोटेकोशी बाढीमा ३४ देशका ५९० विदेशी बेपत्ता

***दमक/** परराष्ट्र मन्त्रालयले भोटेकोशी बाढीका कारण हाल ३४ देशका करिब ५९० विदेशी नागरिक बेपत्ता सूचीमा रहेको जनाएको छ । बिहीबार मन्त्रालयमा आयोजित नियमित प्रेस ब्रिफिङमा मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले हालसम्म ३०० भन्दा बढी विदेशी नागरिकको उद्धार गरिएको र अझै ३४ देशका करिब ५९० विदेशी नागरिक बेपत्ता सूचीमा रहेको जानकारी दिए ।*

*रसुवाको टिमुरेदेखि नुवाकोट, धादिङ, चितवन तथा नवलपरासी (पूर्व र पश्चिम) सम्म ९ हजार तीन सय भन्दा बढी नेपाली सेनाका जनशक्ति उद्धार तथा खोजमा परिचालित रहेको उहाले जानकारी दिए ।*

*उनले भारतीय टनेल उद्धार टोली नेपाली सेनासँग मिलेर आवश्यक उपकरणसहित खटिएको र चिलिमेतर्फ थप एक्स्काभेटर पठाउन लागिएको बताए । त्यस्तै लाङटाङतर्फ सेना र प्राविधिक टोलीले मेसिन प्रयोग गरी सुरूङको अपस्ट्रिम भागमा सानो प्वाल खोल्न सफल भएको उनले बताए ।*

*माथिल्लो त्रिशूली ३ 'ए' मा चिनियाँ टनेल टोली र नेपाली सेनासहित कुल ९३ सदस्यीय संयुक्त टोली थप जनशक्ति र उपकरणसहित फिल्डमा खटिएको समेत मन्त्रालयले जनाएको छ ।*

*प्रवक्ता पौडेलले शवको पहिचानका लागि भारतबाट १९ सदस्यीय र चीनबाट ५ सदस्यीय विशेष फोरेन्सिक टोली कार्यक्षेत्रमा रहेको जानकारी दिए ।*

*विपद्पछि भारत, चीन, अमेरिका, बेलायत, जापान, दक्षिण कोरिया, अस्ट्रेलिया, युरोपेली युनियन, विश्व बैंक, एडीबी लगायतका दर्जनौं मित्रराष्ट्र तथा दातृ निकायहरूले ऐक्यबद्धता र सहयोग जनाएको प्रवक्ता पौडेलले बताए । उनले केरूङबाट १४० जना नेपालीहरु तातोपानी नाका हुँदै नेपाल फर्कने क्रममा रहेको र चिनियाँ सीमा क्षेत्रतर्फ अझै करिब १०० नेपाली बेपत्ता रहेको जानकारी दिए ।*

# नेटवर्किङ विजनेसमार्फत् ठगी गर्ने ४१ जना पक्राउ

**विर्तामोड/** अवैध रूपमा स्वास्थ्य जाँच र औषधी बिक्री गरी नेटवर्किङ विजनेसमार्फत सर्वसाधारणलाई ठगी गर्दै आएको नेटवर्किङ कम्पनी ग्लोवल ओरियन्सको बिर्तामोडमा रहेको कार्यालयमा छापा मारी प्रहरीले ४१ जनालाई पक्राउ गरेको छ ।

बिर्तामोड ५ स्थित बुद्धनगरमा रहेको ग्लोबल ओरियन्सको कार्यालयमा इलाका प्रहरी कार्यालय बिर्तामोडले छापा मारेको थियो । त्यसक्रममा इलाम घर भएका अर्जुनधारा मल्टी पर्पोजका संचालक सुजन लिम्बू, ग्लोबल ओरियन्सका शाखा प्रमुख पिताम्बर कट्टेलसहित २२ जना महिला र १९ जना पुरूष पक्राउ परेका हुन् । प्रहरीले औषधी, चेकजाँच गर्ने मेशिन, कागजात र केही नगद बरामद गरेको छ । उनीहरूलाई नियन्त्रणमा लिइ इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ ।


**हंसे दुम्से सामुदायिक वन उपभोक्ता समिति**
**दमक-२,३ झापाको**

**उम्मेदवारी मनोनयनको समय थप गरिएको सूचना**

हंसे दुम्से सामुदायिक वन उपभोक्ता समूह, दमक-२/३, झापाको कार्यसमिति तथा लेखा समितिका पदाधिकारी एवं सदस्यहरूको निर्वाचनका लागि पूर्वप्रकाशित निर्वाचन कार्यक्रमअनुसार मिति २०८३/०५/१८ गते बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म उम्मेदवारी मनोनयनको समय निर्धारण गरिएकोमा प्राविधिक कारणले उक्त मनोनयनको कार्यक्रम मिति २०८३/०५/१९ गते शुक्रबार बिहान ८ बजेदेखि १२ बजेसम्म निर्धारण गरिएको व्यहोरा सम्पूर्ण परिषद् सदस्य तथा सम्बन्धित सरोकारवाला सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गोमादेवी प्रसाई**
निर्वाचन संयोजक



**बाल अधिकारको संरक्षण गरौं**

- **बालबालिकाको अधिकारको सम्मान गरौं,**
- **बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,**
- **बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,**
- **बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,**
- **बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,**
- **बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,**
- **परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,**

***समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।***

**नेपाल सरकार**
विज्ञापन बोर्ड

# सम्पादकीय

## विपत्तिभित्र सम्भावनाको खोजौं

यतिखेर देश दुखेको छ । मुलुक शोकाकुल छ । रसुवाको भोटेकोशी नदीमा आएको भिषण बाढीले पुऱ्याएको क्षति र अकल्पनीय मानवीय क्षतिले सिंगो देशलाई नै स्तब्ध बनाएको छ । यो केवल एउटा भूगोल वा क्षेत्रको पीडा नभई सम्पूर्ण राष्ट्रका लागि साझा बज्रपात हो । यस्तो कठिन र संकटपूर्ण घडीमा सरकार प्रमुखका रुपमा प्रधानमन्त्रीले देखाएको सक्रियता, समन्वय र द्रुत उद्धारको प्रतिबद्धता सकारात्मक तथा सराहनीय कदम मान्नुपर्छ ।

विपत्तिको समयमा नागरिकको जीवनरक्षा गर्नु राज्यको पहिलो दायित्व हो। बाढीलगत्तै प्रभावित क्षेत्रमा नेपाली सेना, स्थानीय प्रशासन, र अन्तर्राष्ट्रिय विज्ञसहितको टोलीलाई परिचालन गरी खोज तथा उद्धार कार्यलाई तीव्र बनाउनुले सरकारको तत्परता झल्काउँछ । प्रभावित विद्युत आयोजनाका सुरूङहरुमा अड्किएका नागरिकहरुको खोजबिन, हेलिकोप्टरमार्फत घाइतेहरुको तत्काल उद्धार तथा प्रक्रियालाई छोट्याएर अन्तर्राष्ट्रिय सहयोग जुटाउने प्रयासले संकट व्यवस्थापनमा व्यावहारिक दृष्टिकोण अपनाइएको पुष्टि गर्छ । विपद् परेका बेला कूटनीतिक र कानुनी जटिलतालाई पन्छाएर द्रुत गतिमा काम गर्नु नै समयको माग हो ।

यसका साथै, विपद् व्यवस्थापनमा तिनै तहका सरकारबीचको समन्वय उत्तिकै अनुकरणीय छ । संघीय सरकारले प्रदेश र स्थानीय सरकारका जनप्रतिनिधिसँग निरन्तर संवाद गर्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत जिम्मेवारी बाँडफाँड गरेर अघि बढ्नुले संघीयताको वास्तविक मर्मलाई चरितार्थ गरेको छ । संकटको समयमा सरकारका निकायहरुबीच द्वन्द्व वा अन्योल नभई हातेमालो हुनुले उद्धार र राहत कार्यलाई थप प्रभावकारी बनाएको छ ।

संसदको रोस्ट्रमबाट व्यक्त शोक र पीडाका शब्दहरुले नागरिकको घाउमा मलम लगाउने काम गरेका छन् । तर, भाषण र प्रतिबद्धताको वास्तविक परीक्षण आगामी दिनमा हुने पुनर्स्थापना र पुनर्निर्माणका कामबाट हुनेछ । बाढीबाट प्रभावित परिवारलाई तत्काल राहत पुऱ्याउने, विस्थापितहरुलाई सुरक्षित वासस्थानको व्यवस्था गर्ने र पूर्वाधारको पुनर्निर्माणलाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ । अबको जोड उद्धारबाट माथि उठेर दीर्घकालीन पुनर्स्थापना र भविष्यमा आउन सक्ने यस्ता विपद्को जोखिम न्यूनीकरणमा केन्द्रित हुनुपर्छ । **विपत्तिभित्र सम्भावनाको खोजौं गरौं ।**

## घाइतेका लागि रक्तदान एक सय ११ पिन्ट रगत संकलन

दमक/ भोटेकोशी बाढीमा परी घाइते भएकाहरूका लागि स्याङ्जामा रगत संकलन गरिएको छ ।

जिल्ला रेडक्रस सोसाइटी स्याङ्जाको प्राविधिक सहयोगमा भीरकोट बयरघारीमा रक्तदान शिविर सञ्चालन गरी १११ पिन्ट रगत संकलन गरिएको हो ।

घाइतेको संख्या धेरै भएकाले रगतको अभाव हुनसक्ने भएकाले रगत अभाव हुन नदिन रक्तदान शिविरमार्फत स्वतःस्फूर्त रूपमा रगत संकलन गरिएको नेपाल तरूण दल स्याङ्जाका अध्यक्ष भागवत प्रकाश मल्लले बताए ।

देशमा संकट आएका बेला मानवीय सहयोगमा जुट्नुपर्छ भन्ने भावनाबाट अभिप्रेरित भई रक्तदान शिविरको आयोजना गरिएको उनले बताए । शिविरमा रक्तदाताहरु स्वतःस्फूर्त रूपमा सहभागी भएका थिए ।

यहाँ संकलन भएको रगत नेपाल रेडक्रस सोसाइटीको स्याङ्जास्थित 'ब्लड बैंक' मा राखिने र आवश्यकताका आधारमा पठाउने व्यवस्था मिलाइने नेपाल रेडक्रस सोसाइटी स्याङ्जाका अध्यक्ष दिनेश अर्यालले जानकारी दिए ।

# रसुवाको भीषण बाढी र अबको मार्गचित्र



✍ ओमप्रकाश गौतम
omgautam2078@gmail.com

**आफ्नो ठाउँबाट सक्दो सहयोग गरौँ, राहत सामग्री जुटाऔँ र पुनर्निर्माणमा हातेमालो गरौँ। 'एक थुकी सुकी, सय थुकी नदी' भनेझैँ सबै नेपाली एकजुट भएर अघि बढौँ । रसुवाको पीडा रसुवाको मात्र होइन, सिंगो नेपालको पीडा हो। भोटेकोशीले दिएको यो चेतावनीलाई यसपटक पनि बिर्सनु हुँदैन।**

गत भदौ १० गते तिब्बत हुँदै रसुवाबाट आएको भीषण बाढीले सिंगो देशलाई स्तब्ध बनायो । भोटेकोशी नदीमा आएको अप्रत्याशित बाढीले केही घण्टामै मानव जीवन क्षतविक्षत बनाउनुका साथै घर, सडक, पुल, विद्युत् आयोजना, व्यापारिक संरचना र मानिसका वर्षौंका मेहनतका सपना बगाएर लग्यो । कतिपय शव अझै खोजी तथा उद्धारकै क्रममा छन् भने धेरै परिवार आफन्त गुमाएको पीडामा छन् । प्राकृतिक विपत्ति कसैले चाहेर रोक्न वा छेकेर समाप्त गर्न सकिँदैन। तर विपत्तिबाट हुने जनधनको क्षति भने पूर्वतयारी, पूर्वसूचना र जिम्मेवार व्यवस्थापनबाट धेरै हदसम्म घटाउन सकिन्छ । त्यसैले अहिलेको प्रश्न बाढी किन आयो भन्ने मात्र होइन, यस्तो विपत्ति आउँदा हामी कति तयार थियौँ भन्ने पनि हो ।

नेपाल प्राकृतिक विपत्तिको उच्च जोखिममा रहेको देश हो । बाढी, पहिरो, भूकम्प, डुबान, चट्याङ, डढेलो तथा हिमपहिरोजस्ता विपत्तिले हरेक वर्ष ठूलो जनधनको क्षति पुर्याउँदै आएका छन् । २०७२ सालको विनाशकारी भूकम्पले हजारौँ नेपालीको ज्यान लियो र ठूलो आर्थिक क्षति गरायो । त्यसपछि पनि २०७४, २०७६ र २०८१ सालका बाढी तथा पहिरोले देशका विभिन्न भूभागमा ठूलो विनाश गरे । यी घटना हाम्रा लागि नयाँ होइनन्; तर दुःखको कुरा, हरेक विपत्तिपछि केही समय चर्चा हुने र समय बित्दै जाँदा फेरि पुरानै अवस्थामा फर्किने प्रवृत्ति भने अझै हट्न सकेको छैन ।

रसुवाका लागि भोटेकोशीको यसपटकको बाढी पहिलो ठूलो चेतावनी भने होइन । २०२५ जुलाईमा पनि तिब्बततर्फबाट आएको आकस्मिक बाढी भोटेकोशीमा मिसिएर रसुवागढी-टिमुरे क्षेत्रमा ठूलो क्षति पुऱ्याएको थियो । त्यसबेला मानिसको ज्यान गएको थियो, कतिपय बेपत्ता भएका थिए, मितेरी पुललगायतका संरचना बगेका थिए र सडक, विद्युत् तथा सञ्चार संरचनामा ठूलो क्षति पुगेको थियो।

रसुवागढी जलविद्युत् आयोजना पनि प्रभावित भएको थियो । त्यस घटनापछि सीमापार पूर्वसूचना प्रणाली, जोखिमयुक्त बस्तीको पहिचान, सुरक्षित स्थानमा स्थानान्तरण र चीनसँग तत्काल सूचना आदानप्रदान गर्ने संयन्त्र आवश्यक रहेको विषय उठेको थियो । तर एक वर्ष नपुग्दै अझ ठूलो विपत्ति दोहोरिनुले विगतका चेतावनीबाट हामीले पर्याप्त पाठ सिक्न सकेनौँ कि भन्ने गम्भीर प्रश्न उठेको छ ।

हिमाली जिल्ला रसुवा त भौगोलिक रूपमा झन् संवेदनशील छ । भिरालो भूभाग, कमजोर भौगोलिक संरचना, तीव्र गतिमा बग्ने नदी तथा वर्षायाममा हुने अत्यधिक वर्षाका कारण यहाँ बाढी र पहिरोको जोखिम उच्च छ । त्यसमाथि नदी तथा खोलाको किनारमा अव्यवस्थित बसोबास, जोखिमयुक्त क्षेत्रमा सडक तथा भौतिक संरचना निर्माण, वन विनाश र वातावरणीय असन्तुलनले जोखिम थप बढाएको छ । हरेक वर्ष साउन र भदौमा आउने भेलले नेपालीका सुन्दर सपनाहरु चकनाचुर पार्दै आएको छ । त्यसैले यसलाई केवल 'प्राकृतिक प्रकोप' भनेर पन्छिन मिल्दैन; प्रकृतिको जोखिमलाई मानवीय कमजोरीले विपत्तिमा परिणत गरिरहेको पक्षलाई पनि गम्भीर रूपमा हेर्नुपर्छ।

यसपटकको बाढीले रसुवाको भोटेकोशी करिडोरमा मात्र होइन, त्रिशूली हुँदै तलका जिल्लासम्म प्रभाव पारेको छ । पुल तथा सडक भत्किँदा आवतजावत अवरूद्ध भएको छ, विद्युत् आयोजनामा क्षति पुगेको छ, सञ्चार तथा खानेपानी सेवा प्रभावित भएका छन् र कतिपय बस्ती बाहिरी सम्पर्कबाट विच्छेद भएका छन् ।

एउटा पुल भत्किनु केवल एउटा संरचना भत्किनु होइन; त्यसले गाउँको आवतजावत, खाद्यान्न र औषधिको आपूर्ति, उद्धार तथा राहत सबै प्रभावित गर्छ । विद्युत् आयोजना प्रभावित हुँदा त्यसको असर राष्ट्रिय अर्थतन्त्रसम्म पुग्छ । त्यसैले विपत्तिको क्षतिलाई केवल तत्कालीन राहतको आँखाबाट होइन, दीर्घकालीन आर्थिक तथा सामाजिक असरको दृष्टिले पनि हेर्नुपर्छ ।

प्राकृतिक विपत्तिको कारण प्राकृतिक हुन सक्छ, तर त्यसबाट हुने क्षतिको मात्रा हाम्रो तयारीसँग जोडिएको हुन्छ । अत्यधिक वर्षा, हिमाली भू-बनोट, हिमनदी तथा हिमतालमा आउने परिवर्तनलाई हामी नियन्त्रण गर्न सक्दैनौँ । तर जोखिमयुक्त बस्ती कहाँ छन्, नदीको बहाव कुन तहमा पुगेपछि खतरा हुन्छ, कुन पुल वा सडक जोखिममा छन् र नागरिकलाई कसरी समयमै सुरक्षित स्थानमा पुर्याउने भन्ने कुरा राज्यले निर्धारण गर्न सक्छ । नदी किनारमा अनियन्त्रित निर्माण रोक्न, वन संरक्षण गर्न, जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्न र बलिया पूर्वाधार निर्माण गर्न सकिन्छ । त्यसैले अब प्रकृतिलाई दोष दिएर मात्र उम्कने होइन, आफ्ना कमजोरीको पनि निर्मम समीक्षा गर्नुपर्छ ।

रसुवाको जोखिम घटाउन सबैभन्दा पहिले प्रभावकारी पूर्वसूचना प्रणाली आवश्यक छ । तिब्बततर्फबाट आउने नदीको जलस्तर, हिमताल तथा सम्भावित आकस्मिक बाढीको सूचना नेपालले समयमै पाउने व्यवस्था हुनुपर्छ । चीनसँगको सीमापार सूचना आदान-प्रदानलाई थप प्रभावकारी बनाउनु पर्छ । आधुनिक सेन्सर, स्याटेलाइट, क्यामेरा तथा वैकल्पिक सञ्चार प्रणालीमार्फत संकलित सूचना काठमाडौंमा मात्र सीमित नभई जोखिममा रहेका गाउँसम्म तत्काल पुग्नुपर्छ । पूर्वसूचनाको वास्तविक सफलता प्रविधि जडान गर्नुमा होइन, त्यसले एक जना नागरिकलाई भए पनि समयमै सुरक्षित स्थानमा पुर्याउन सक्यो कि सकेन भन्नेमा निर्भर हुन्छ ।

अब पुनर्निर्माण गर्दा पनि 'पहिले जस्तै' बनाउने होइन, 'पहिलेभन्दा सुरक्षित' बनाउने नीति लिनुपर्छ । जोखिमयुक्त नदी किनारमा पुनः बस्ती बसाल्ने होइन, वैज्ञानिक अध्ययनका आधारमा सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्छ । सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था, विद्युत् आयोजना र अन्य संरचना निर्माण गर्दा विगतको बाढीको स्तर र भविष्यको जोखिमलाई आधार बनाउनुपर्छ । स्थानीय सरकार, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, गैरसरकारी संस्था र समुदायबीच स्पष्ट समन्वय हुनुपर्छ । प्रत्येक जोखिमयुक्त बस्तीमा उद्धार सामग्री, प्राथमिक उपचार, सुरक्षित आश्रयस्थल र तालिमप्राप्त स्वयंसेवकको व्यवस्था हुनुपर्छ ।

अहिलेको पहिलो आवश्यकता राहत हो । घरबारविहीनलाई खाना, औषधि, कपडा र सुरक्षित बास चाहिएको छ । आफन्त गुमाएका परिवारलाई राज्यको साथ चाहिएको छ । नेपाली नागरिकले आफ्नो क्षमताअनुसार राहत कोषमा सहयोग गरिरहेका छन् । कसैले एक दिनको छाक कटाएर दिएको सहयोग पनि पीडितका लागि ठूलो अर्थ राख्छ । त्यसैले राहत रकमलाई राजनीतिक विवादको विषय बनाउनुको सट्टा त्यसको पारदर्शी उपयोग र वास्तविक पीडितसम्म न्यायोचित वितरणका लागि सबैले खबरदारी गर्नुपर्छ ।

विपत्तिको घडीमा सरकारको आलोचना गर्नु हुँदैन भन्ने होइन । बरू यस्ता घटनापछि प्रश्न अझ कडा हुनुपर्छ– अघिल्लो विपत्तिबाट के पाठ सिकियो ? पूर्वसूचना प्रणाली किन पर्याप्त भएन ? जोखिमयुक्त बस्तीको पहिचान र स्थानान्तरण किन हुन सकेन ? सीमा क्षेत्रमा तत्काल सूचना आदान-प्रदानको व्यवस्था किन प्रभावकारी हुन सकेन ? यी प्रश्नको जवाफ खोजिनुपर्छ । तर आलोचना मात्र गरेर समस्या समाधान हुँदैन । अहिले राजनीतिक आग्रहभन्दा माथि उठेर मानवीय संवेदना र राष्ट्रिय सहकार्यलाई प्राथमिकता दिनुपर्छ ।

अन्ततः प्राकृतिक विपत्ति पूर्ण रूपमा रोक्न नसकिए पनि त्यसबाट हुने क्षति धेरै हदसम्म कम गर्न सकिन्छ । रसुवाको यो त्रासदीलाई केही दिनको समाचार बनेर हराउन दिनु हुँदैन । यसलाई नेपालकै विपद् व्यवस्थापन प्रणाली सुधार्ने अवसरका रूपमा लिनुपर्छ ।

आज पीडितको आँसु पुछ्नु हाम्रो तत्कालीन दायित्व हो भने भोलि त्यही आँसु फेरि नझरोस् भनेर सुरक्षित बस्ती, बलिया पूर्वाधार, प्रभावकारी पूर्वसूचना र उत्तरदायी शासन निर्माण गर्नु दीर्घकालीन जिम्मेवारी हो । त्यसैले कोही पनि खाली नबसौँ । आफ्नो ठाउँबाट सक्दो सहयोग गरौँ, राहत सामग्री जुटाऔँ र पुनर्निर्माणमा हातेमालो गरौँ । 'एक थुकी सुकी, सय थुकी नदी' भनेझैँ सबै नेपाली एकजुट भएर अघि बढौँ । रसुवाको पीडा रसुवाको मात्र होइन, सिंगो नेपालको पीडा हो । भोटेकोशीले दिएको यो चेतावनीलाई यसपटक पनि बिर्सनु हुँदैन ।

### सामाजिक सञ्जाल

# खोज, उद्धारमा सरकारको प्रयास तीव्र





दमक । रसुवाको भोटेकोशी नदीमा आएको बाढीको छैटौँ दिनसम्म नेपाल सरकारले खोज, उद्धार, उपचार, राहत तथा प्रभावित नागरिकको सुरक्षित व्यवस्थापनलाई प्राथमिकतामा राखेर काम गरिरहेको प्रधानमन्त्री बालेन्द्र शाहले बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत प्रधानमन्त्री शाहले विपद्को समयमा अग्रपंक्तिमा रहेर काम गरिरहेका सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी, विभिन्न निकायका पदाधिकारी, स्वयंसेवी संस्था तथा आम नागरिकको भूमिकाको प्रशंसा गरेका छन् । उनले प्रदेश तथा स्थानीय सरकार, मित्रराष्ट्र, स्वदेशी-विदेशी संघसंस्था र सञ्चारमाध्यमबाट प्राप्त सहयोगप्रति आभार व्यक्त गरेका छन् ।

**राहत वितरणमा सरकारको प्राथमिकता**

सरकार खोज तथा उद्धारसँगै प्रभावित नागरिकका लागि राहत संकलन र वितरणमा केन्द्रित रहेको प्रधानमन्त्री शाहले बताएका छन् । काठमाडौँलगायत विभिन्न स्थानबाट संकलन गरिएका राहत सामग्री प्रभावित क्षेत्रमा पठाइएको छ । भारत, चीन, अमेरिका, यूएई, कतार, जापान, स्वीट्जरल्याण्ड र अष्ट्रेलियालगायतका मित्रराष्ट्रबाट समेत सहयोग प्राप्त भएको उनले उल्लेख गरेका छन् ।

सुरक्षाकर्मीले हवाई तथा सडकमार्गबाट रसुवा, नुवाकोट र धादिङका चार संकलन केन्द्र हुँदै रसुवा र नुवाकोटका २७ वितरण केन्द्रमार्फत ३ हजार ६ सय ९६ जना प्रभावित नागरिकसम्म राहत पुऱ्याएका छन् । राहत व्यवस्थापनको प्रभावकारिता अनुगमन गर्न सरकारका सचिवालय सदस्य तथा कर्मचारीलाई समेत प्रभावित क्षेत्रमा परिचालन गरिएको छ ।

**राहत कोषमा पौने ६ अर्ब**

प्रधानमन्त्रीका अनुसार प्रधानमन्त्री राहत कोषमा हालसम्म नौवटा वाणिज्य बैंकका खातामा ५ अर्ब ८७ करोड ९२ लाख २३ हजार ८ सय ४२ रूपैयाँ जम्मा भएको छ । यस्तै, हिमालयन र लक्ष्मी बैंकमा ३१ लाख ९३ हजार २ सय ३८ अमेरिकी डलर जम्मा भएको छ ।

सरकारले 'उद्धार अनुरोध पोर्टल'मार्फत स्वदेश तथा विदेशबाट प्राप्त आर्थिक सहयोगको विवरण सार्वजनिक गरिरहेको जनाएको छ ।

**सडक र पुल पुनःस्थापनामा जोड**

बाढीका कारण सडक सम्पर्क विच्छेद भएको नुवाकोटको त्रिशूलीपारिको क्षेत्र पुनः सडक सञ्जालमा जोडिएको प्रधानमन्त्रीले बताएका छन् । गल्छी-त्रिशूली राजमार्गअन्तर्गत कल्लेरीटार, कोशीखोला, पिपलटार, दर्शनटार, छत्रेखोला र गौरीबैँसी हुँदै त्रिशूली बजारसम्म सडक सञ्चालनमा आएको छ ।

रसुवा, नुवाकोट र धादिङका धेरै पुल भत्किएकाले सरकारले अस्थायी पुल निर्माणलाई प्राथमिकता दिएको छ । सरकारसँग ४८ मिटरका छवटा र ७० मिटरको एउटा बेलिब्रिज रहेको तथा देवीघाट, त्रिशूली बजार र बेत्रावतीमा बेलिब्रिज राख्नेबारे अध्ययन भएको प्रधानमन्त्रीले बताएका छन् । भारतबाट २३० फिटको सिंगल लेन मोडुलर स्टिल ब्रिज प्राप्त भएको र थप सातवटा बेलिब्रिज पठाउने प्रतिबद्धता आएको छ । चीनबाट समेत ३० वटा बेलिब्रिज प्राप्त हुने जनाइएको छ ।

**११ हजारभन्दा बढीको उद्धार**

प्रधानमन्त्री शाहका अनुसार बाढी प्रभावित क्षेत्रबाट ११ हजार ३ सय ७९ जनाको उद्धार भइसकेको छ भने ३ हजार ९ सय २५ जना सम्पर्कविहीन छन् । उद्धार गरी विभिन्न अस्पतालमा भर्ना गरिएका २ सय ७९ घाइतेमध्ये १ सय ६८ जना उपचारपछि डिस्चार्ज भएका छन् ।

सुरक्षा निकायबाट खोज, उद्धार, उपचार, राहत तथा पुनःस्थापनाबारे नियमित ब्रिफिङ लिइरहेको पनि प्रधानमन्त्रीले बताएका छन् ।

**विद्युत् र सञ्चार सेवा पुनःस्थापना**

रसुवामा करिब ३० प्रतिशत घरधुरीमा विद्युत् सेवा पुनःस्थापना भएको छ । बाँकी क्षेत्रमा पोर्टेबल सोलारमार्फत सेवा उपलब्ध गराउन ५ सय थान सोलार पठाइएको छ । नुवाकोटमा ८५ प्रतिशत र धादिङमा ९८ प्रतिशत विद्युत् सेवा पुनःस्थापना भएको प्रधानमन्त्रीले जानकारी दिएका छन् । सञ्चारतर्फ नेपाल टेलिकमका १ सय २० मध्ये १ सय १० र एनसेलका ७८ मध्ये ७५ वटा टावर सञ्चालनमा आएका छन् ।

**जलविद्युत् आयोजनाबाट उद्धार जारी**

बाढीबाट प्रभावित विभिन्न जलविद्युत् आयोजनाबाट नेपाली सेनाले हालसम्म २ सय ७९ जनाको उद्धार गरेको छ । रसुवागढी जलविद्युत् आयोजनाबाट दुई, मैलुङ खोला आयोजनाबाट नौ, माथिल्लो त्रिशूली-१ बाट २ सय ५४ तथा अन्य आयोजनाबाट समेत कामदारको उद्धार गरिएको छ । विभिन्न आयोजनाका सुरूङमा खोज तथा उद्धार कार्य जारी रहेको प्रधानमन्त्रीले बताएका छन् ।

**९३९ शव फेला**

बाढीमा ज्यान गुमाएकामध्ये हालसम्म ९ सय ३९ जनाको शव फेला परेको प्रधानमन्त्रीले उल्लेख गरेका छन् । पहिचान भएका शव आफन्तलाई बुझाउने र पहिचान हुन नसकेका शवको डीएनए लगायतका आधार सुरक्षित राखी कानुनी प्रक्रियाअनुसार व्यवस्थापन भइरहेको जनाइएको छ ।

**पुनःस्थापनाको तयारी**

प्रधानमन्त्री शाहले भोटेकोशी बाढीलाई हिमालय क्षेत्रमा हिउँ चट्टानको हिमपहिरोबाट सिर्जित ठूलो विपत्तिका रूपमा उल्लेख गर्दै जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढ्दो जोखिमप्रति सचेत हुनुपर्ने बताएका छन् । साथै, अन्तर्राष्ट्रिय समुदायसमक्ष जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको विपद्को विषय बलियो रूपमा उठाउनुपर्ने उनको भनाइ छ ।

सरकारले अब खोज तथा उद्धारसँगै प्रभावित नागरिकको पुनःस्थापनामा ध्यान केन्द्रित गर्ने जनाएको छ । स्थानीय सरकारसँगको समन्वयमा प्रभावित नागरिकको संख्या तथा भौतिक क्षतिको विवरण संकलन सुरू गरिएको छ । घर, परिवार, प्रियजन तथा जायजेथा गुमाएका नागरिकलाई मानसिक र शारीरिक रूपमा सशक्त बनाउँदै सामान्य जनजीवनमा फर्काउन आवश्यक आर्थिक स्रोत जुटाउने काम भइरहेको प्रधानमन्त्री शाहले बताएका छन् ।

## आज श्रीकृष्ण जन्माष्टमी

# भगवान् विष्णुको आठौं अवतार कृष्णको लिला

दमक/ भाद्र कृष्ण अष्टमीका दिनमा प्रत्येक वर्ष मनाइने श्रीकृष्ण जन्माष्टमी पर्व आज भगवान् श्रीकृष्णको पूजा आराधना गरी मनाइँदैछ ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगको अन्त्यतिर भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएको सम्भनामा आजको दिनमा श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने गरिएको हो ।

दुर्जनको विनाश गरी सज्जनको रक्षाका लागि भगवान् विष्णुको आठौँ अवतारका रूपमा श्रीकृष्णको जन्म भएको शास्त्रमा वर्णन गरिएको छ ।

कंशको अत्याचारबाट मानव जातिलाई मुक्ति दिनका लागि वासुदेव र देवकीको आठौँ गर्भबाट भगवान् विष्णुको आठौँ अवतारका रूपमा भएको धार्मिक विश्वास छ । कंशले जेलनेलसहित बन्दी बनाएको अवस्थामा देवकीबाट श्रीकृष्णको जन्म भएको थियो ।

चारैतिर सेनाको कडा सुरक्षा हुँदा पनि भगवान् विष्णुको मोहित पार्ने शक्तिका कारण श्रीकृष्ण जन्मिएका बेलामा सबै सैनिक गहिरो निद्रामा परेका थिए । त्यसैबेला आकाशवाणीमार्फत वासुदेवलाई 'नवजात शिशु कृष्णलाई वृन्दावनस्थित मित्र नन्दका घरमा पुऱ्याऊँ' भन्ने आकाशवाणी भएको थियो । यही मोहित पार्ने शक्ति भएका कारण आजको रात्रिलाई मोहरात्रि पनि भनिन्छ ।

वासुदेव नन्दको घरमा गई कृष्णलाई त्यहीँ छोडी त्यही दिन नन्द पत्नी यशोदाको गर्भबाट जन्मिएकी बालिकालाई लिएर आएपछि मात्र सैनिक ब्युँझिएको प्रसङ्ग महाभारत ग्रन्थमा उल्लेख गरिएको छ ।

श्रीकृष्णले नै पापका पर्याय बनेका मामा कंशको बध गरी हजुरबा उग्रसेन, माता-पिता देवकी एवम् वासुदेवलाई जेलमुक्त गरिदिएका थिए ।

अन्याय, अत्याचार र दानवी प्रवृत्तिबाट मानव जातिलाई सुरक्षित बनाउने उद्देश्यले भगवान् विष्णुले मानिसको अवतारका रूपमा श्रीकृष्ण भई धरतीमा जन्म लिएको स्मृतिस्वरूप आजको पर्व मनाउने गरिएको हो । श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेका थिए ।

कौरव र पाण्डवका बीचमा कुरूक्षेत्रमा भएको धर्मयुद्धमा सत्यको पक्षमा रहेका पाँच पाण्डव मध्येका अर्जुनको सारथीका रूपमा श्रीकृष्णले युद्धको शिक्षा दिएका थिए । युद्धका क्रममा श्रीकृष्णले अर्जुनलाई प्रेरणा दिँदै सत्यको पक्षमा हौसला प्रदान गरेका थिए । यही युद्धका क्रममा श्रीकृष्णले अर्जुनलाई दिएको उपदेश नै 'श्रीमद्भगवत् गीता' हो । यसैकारण श्रीमद्भगवत् गीतालाई हिन्दूको पवित्र ग्रन्थ मानिन्छ ।

बाल्यकालदेखि नै विचित्र लीला देखाउँदै आएका श्रीकृष्णले गोपिनी र राधासित गरेको प्रेम प्रसंगका कारण यो महिनाभर प्रेम उत्सव अर्थात् भुला उत्सवका रूपमा समेत मनाउने गरिन्छ ।

मानव जातिलाई सुरक्षित पारी धर्मको रक्षाका लागि धरतीमा अवतरित भएका श्रीकृष्णले नै पुतना, कंश, जरासन्ध र शिशुपाल आदि दानवी प्रवृत्तिलाई अन्त्य गरी मानव मात्रलाई भयमुक्त बनाएका थिए ।

यसै प्रसंगमा भगवान् श्रीकृष्णले श्रीमद्भगवत् गीतामा भनेका पनि छन्-

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।

अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥

अर्थात् जब जब भारत वर्षमा धर्मको लोप हुन्छ र पाप बढ्दछ त्यस बेलामा धर्मको रक्षाका लागि मैले मानव रूप धारण गरेर धरतीमा जन्म लिनेछु ।

भगवान् श्रीकृष्णको यही कर्मको सम्भनामा अहिले पनि श्रीकृष्ण जन्माष्टमी पर्व भव्यताका साथ मनाउने गरिएको छ । आजको दिन रथयात्रा र शोभायात्रा गरी श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने गरिन्छ ।

आजको दिनमा विशेषगरी महिलाहरू व्रत बसी राति १२ बजे श्रीकृष्ण जन्मिएको सम्भनामा पूजा लगाउने र रातभर जाग्राम बसेर श्रीकृष्णको भक्ति संगित गाउने गर्दछन् । यसो गरेमा श्रीकृष्ण प्रशन्न भई मनोवाञ्छित फल प्राप्त हुने धार्मिक विश्वास रहेको छ ।

**यी हुन् मन्त्र र पूजा गर्ने विधि**

आज श्रीकृष्ण जन्माष्टमी हिन्दु धर्मालम्बीहरूको मुख्य पर्व मध्ये एक मानिन्छ । यस दिन भगवान श्रीकृष्णको जन्मोत्सव भव्य रूपमा मनाइन्छ । भाद्र महिनाको कृष्ण पक्षको अष्टमी तिथिको दिन रोहिणी नक्षत्रमा जन्मनु भएका श्रीकृष्णको जन्मोत्सव नेपाल बाहेक हिन्दु धर्मालम्बि भएका देशहरूमा प्रमुखताका साथ मनाउने गरीन्छ ।

भाद्र कृष्ण पक्ष अष्टमी तिथिको राती १२ बजे श्रीकृष्णको जन्म भएको थियो ।



जसका कारण श्रीकृष्ण जन्मअष्टमिको व्रत बिहानबाटै प्रारम्भ गर्नुपर्ने हुन्छ । ब्रत प्रारम्भ गरेदेखि दिनभर भगवान हरिको मन्त्रोउच्चारणका साथ पूजा गरी पारण गर्नुपर्दछ । मध्य रातमा श्रीकृष्णको जन्म भएको हुदा" सो बेलामा पुजा गरी बिहान ब्रह्म मुहूर्तमा नुहाएर यो मन्त्र उच्चारण गर्नुपर्दछ ।

ऊं यज्ञाय योगपतये योगेश्वराय योग सम्भावय गोविंदाय नमो नमः

यसपछि श्रीहरिको यस मन्त्र उच्चारणका साथ पूजा गर्नुपर्दछ ।

*ऊं यज्ञाय यज्ञेराय यज्ञपतये यज्ञ सम्भवाय गोविंददाय नमों नम :*

*त्यसपछि श्रीकृष्ण मुर्तिलाई पाल्किमा विराजमान गरी यस मन्त्रको उच्चारण गरी भगवानलाई निदाउन प्रेरीत गर्नुपर्दछ ।*

*विश्राय विश्रेक्षाय विश्रपले विश्र सम्भावाय गोविंदाय नमों नमः*

यसरी श्रीहरिलाई शयन गराएर पूजाको मन्डप तयार गरी श्रीकृष्णका साथमा रोहिणी र चन्द्रमाको समेत पूजा गर्नुपर्दछ । त्यसपछि शंखको माध्यममले चन्दन युक्त जललाई यो मन्त्र उच्चारण गर्दै अर्पण गर्नुपर्दछ ।

श्री रोदार्णवसम्भुत अनिनेत्रसमुद्धव । ग्रहाणार्ध्य शशाककेश रोहिणा सहिते मम् ।

यसरी पुजा विधि सकेपछि भगवान श्रीकृष्णको आरती गर्नुपर्दछ । आरति पछि भगवानको नाममा जयगान गाउदै प्रसाद ग्रहण गर्नुपर्दछ । त्यसपछि पुजा विधि सकिने भएकाले ब्रतलाई खोल्न सकिन्छ ।

## खानपान र जीवनशैली



# अल्जाइमरको जोखिम कम गर्न अण्डा खानुहोस्

दमक/ अण्डाको सेवन दिमागका लागि फाइदाजनक हुन्छ कि हानिकारक ? यस विषयमा लामो समयदेखि बहस चल्दै आएको छ ।

र हालै सार्वजनिक भएको एक ठूलो र दीर्घकालीन अनुसन्धानले अण्डा सेवन र मस्तिष्कको स्वास्थ्यबीच सकारात्मक सम्बन्ध रहेको रोचक तथ्य बाहिर ल्याएको छ ।

एडभेन्टिस्ट हेल्थ स्टडी-२ नामक प्रतिष्ठित अनुसन्धानका अनुसार हप्तामा ५ देखि ७ वटा सम्म अण्डा खाने वृद्धवृद्धाहरुमा अल्जाइमर (बिर्सिने रोग)को जोखिम उल्लेखनीय रूपमा कम पाइएको छ ।

यो अनुसन्धान निकै विस्तृत र दीर्घकालीन रूपमा गरिएको थियो । अनुसन्धानकर्ताहरूले भन्डै ४० हजार व्यक्तिहरूलाई १५ वर्षसम्म निरन्तर पछ्याएर उनीहरुको खानपान र स्वास्थ्य अवस्थाको विश्लेषण गरेका थिए ।

विशेष गरी ६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूमा केन्द्रित यो अध्ययनले देखाएअनुसार, नियमित रूपमा हप्ताको ५-७ वटा अण्डाको सेवन गर्नेहरूमा अल्जाइमर रोग लाग्ने सम्भावना २७ प्रतिशतसम्म कम देखियो । उमेर बढ्दै जाँदा देखिने मानसिक ह्रास र बिर्सिने समस्या न्यूनीकरणमा अण्डामा पाइने पोषक तत्त्वहरु सहयोगी हुन सक्ने अध्ययनको निष्कर्ष छ ।

अध्ययनले सकारात्मक नतिजा देखाए पनि विज्ञहरूले सबैका लागि एउटै नियम लागू नहुने सचेत गराएका छन् । चिकित्सकहरुका अनुसार मधुमेह, उच्च रक्तचाप, वा मुटुको समस्या (उच्च कोलेस्टेरोल) भएका व्यक्तिहरूका लागि अण्डाको पहेँलो भागको बढी सेवन उपयुक्त नहुन सक्छ ।

यो अनुसन्धान विशेष उमेर समूह (६५ वर्षमाथि) मा आधारित भएकाले, सबै उमेर र स्वास्थ्य अवस्थाका व्यक्तिहरूले आफ्नो स्वास्थ्य स्थिति हेरेर र चिकित्सकको सल्लाह लिएर मात्र अण्डाको मात्रा तय गर्नु उचित हुन्छ ।


सन्तुलित मात्रामा अण्डाको सेवनले दिमागलाई फाइदा पुऱ्याउने भए पनि आफ्नो शरीरको आवश्यकता र स्वास्थ्य अवस्थालाई ध्यानमा राख्नु नै सबैभन्दा बुद्धिमानी निर्णय हुने चिकित्सकहरूको भनाई छ ।






## पुस्तक साभार

# नेपालको इतिहास र समाज अध्ययन




✍ डा. सूर्यमनि अधिकारी

## कप्तान किनलक अभियान

गतांकबाट.....यता पृथ्वीनारायण शाहले अङ्ग्रेजहरु फौज लिएर आउँदैछन् चाल पाएपछि प्रतिरक्षाको आवश्यक बन्दोबस्त मिलाइसकेका थिए । तिनताका दुश्मन प्रवेश गर्ने सम्भावित नाकामा फलामका तीखा कीला गाड्ने, काँडाका भाँजा हाल्ने, सिस्नु उमार्ने, अरिङ्गाल पाल्न आदि गरिन्थ्यो । सिन्धुलीको बाटो अङ्ग्रेजहरु आउनसक्ने देखेर उनीहरूले खाद्यान्न लिन नपाऊन् भनी त्यस क्षेत्रका बस्तीहरु उठाएर अन्तै सारियो । वीरभ उपाध्याय र वंशु गुरूङको नेतृत्वमा ५०० सैनिक छानेर सिन्धुलीगढीतर्फ पठाइयो । उनीहरूको सहयोगका लागि काजी वंशराज पाण्डे र श्रीहर्ष पन्त थप ७०० सैनिकका साथ गए । हरिहरपुरगढीको रक्षाका लागि ३०० सैनिक पठाइए । अङ्ग्रेज कप्तान किनलक आफ्ना सेना लिएर जनकपुर हुँदै सिन्धुलीगढीतर्फ तगाडि बढे । मैदानी मागमा गोर्खालीहरूले कुनै अवरोध गरेनन् । गोर्खालीहरु डराएर पछि हटेछन् भन्ने परेकाले उनीहरु सरासर अघि बढे ।

गोर्खाली र अङ्ग्रेजहरूको असली लडाइँ सिन्धुलीगढीको उकालोमा भयो । गोर्खालीहरु पहाडी जङ्गलमा छिपेर बसेका थिए । अङ्ग्रेजी सैन्यका लागि खाद्यान्न बोकेका भरियाहरु अघि-अघि थिए । उनीहरूलाई गोर्खालीहरूले अगाडि जान दिए । अङ्ग्रेजका मधिशे सेना पहाडको ठाडो उकालोमा थकाइले लखतरान परेर जब कहालीलाग्दो छङ्गाछुर भीरमा आइपुगे तब गोर्खालीहरु ढुङ्गेवास र पौवागढीतिरबाट निस्केर 'जय गोरखनाथ! जय गोरखकाली । काल बनेर आयो गोर्खाली !!' भनेर सिंहनाद गर्दै एक्कासि जाइलागे । अङ्ग्रेजी सेना राम्रोसँग सम्हालिन पनि पाएनन् । कति गोर्खालीको मारमा परे, कति भीरबाट खशेर मरे । सिस्नुले पोल्दा अरिङ्गालले चिल्दा अन्य कतिपय आत्थुआत्थु परे । युद्धमा बचेका करीब ८०० सैनिकका साथ कप्तान किनलक ज्यान जोगाएर भागे तथा रौतहट पुगेर दम लिए । यसपछि अङ्ग्रेजहरूले परिस्थितिको मूल्यांकन गरी कप्तान किनलकको अभियान रद्द गरेर फिर्ता बोलाए ।

यस युद्धमा अङ्ग्रेज पक्षका १६०० जति सैनिक मारिए भने गोर्खाली पक्षका ३०० जति मात्र परे । गोर्खाली सेनाले लगभग ३०० बन्दुक हात पारे । किनलक अभियानलाई असफल बनाई अङ्ग्रेजजस्तो अजेय शक्तिलाई परास्त गर्नसक्नु पृथ्वीनारायण शाहका लागि साह्रै ठूलो गौरवको विषय बन्यो । सिन्धुलीगढीको युद्धमा पराजित भएपछि लगभग आधा शताब्दीसम्म अङ्ग्रेजहरूले नेपालविरूद्ध हतियार उठाउने हिम्मत गरेनन् । अब उपत्यकाका मल्ल राजाहरु अन्तिम दिनहरु गनेर बस्न बाध्य भए ।

### कान्तिपुर विजय

राजा जयप्रकाश मल्लले कान्तिपुर राज्यको रक्षा गर्न अनेक यत्न गरे तर सकेनन् । सिन्धुलीगढीमा अङ्ग्रेजहरु असफल भई भागेपछि जयप्रकाश मल्लका निमित्त कुनै उपाय शेष रहेन । उपत्यकाको चारैतिर गोर्खालीहरूले घेराबन्दी गरिसकेका थिए । तीन शहर नेपालका कान्तिपुर, ललितपुर र भक्तपुर शहर मात्र बाँकी थिए ।

जयप्रकाश मल्ल १८औँ शताब्दीका कान्तिपुर अर्थात् आजको काठमाडौंका अन्तिम मल्ल राजा थिए । उनी राजा जगज्जय मल्लका छोरा थिए र सन् १७३६ मा सिंहासनमा बसेका थिए । उनको शासनकाल भने सुरूदेखि नै दरबारभित्रको शक्ति संघर्ष र राजनीतिक अस्थिरताले भरिएको थियो । जयप्रकाश मल्लको जीवनी सन् १७३७ मा गोरखाका राजा नरभूपाल शाहले नुवाकोटमाथि आक्रमण गर्दा जयप्रकाश मल्लले गोरखाली सेनालाई पराजित गर्न सफल भए । तर केही वर्षपछि परिस्थिति बदलियो । पृथ्वीनारायण शाहले नुवाकोटमाथि पुनः आक्रमण गरे र सन् १७४४ मा नुवाकोट आफ्नो नियन्त्रणमा लिए । यही घटनापछि कान्तिपुर र गोरखाबीचको संघर्ष भन् तीव्र हुँदै गयो ।

**घटनाक्रम**

- राजनीतिक संघर्षकै बीच जयप्रकाश मल्ल सन् १७४६ मा सिंहासनबाट हटाइए र केही समय निर्वासनमा बिताउनुपऱ्यो । तर उनले आफ्नो राजगद्दी सजिलै छोडेनन् । ८८३० अप्रिल १७५० मा उनी पुनः कान्तिपुरको सिंहासनमा फर्किए र आफ्नो शासन पुनः सुरू गरे ।
- जयप्रकाश मल्ल केवल युद्ध र राजनीतिका राजा थिएनन् । उनी कला, संस्कृति, साहित्य र धार्मिक परम्पराका संरक्षक पनि थिए । काठमाडौंको मल्लकालीन सांस्कृतिक जीवन, जात्रा तथा दरबार संस्कृतिमा उनको महत्वपूर्ण भूमिका रहेको मानिन्छ ।
- उनी नेपाल भाषाका साहित्यप्रेमी शासकका रूपमा पनि चिनिन्छन् । उनको समयमा कान्तिपुर धार्मिक उत्सव, कला, वास्तुकला र सांस्कृतिक गतिविधिले निकै समृद्ध थियो । यही कारणले उनको विरासतलाई केवल राजनीतिक इतिहासबाट मात्र हेर्न मिल्दैन ।
- तर बाहिरबाट पृथ्वीनारायण शाहको शक्ति बढिरहेको थियो । गोरखाली सेनाले काठमाडौं उपत्यकालाई क्रमशः चारैतिरबाट दबाबमा पार्दै गयो । नुवाकोटपछि वरिपरिका रणनीतिक क्षेत्रहरु गुम्दै जाँदा कान्तिपुर भन् कमजोर बन्दै गयो ।
- अन्ततः सन् १७६८ मा पृथ्वीनारायण शाहको गोरखाली सेनाले कान्तिपुरमाथि निर्णायक आक्रमण गऱ्यो । त्यस समय जयप्रकाश मल्ल इन्द्रजात्राको अवसरमा कान्तिपुरमा थिए भन्ने ऐतिहासिक विवरण पाइन्छ । गोरखाली सेनाले अप्रत्याशित रूपमा आक्रमण गर्दा मल्ल शासनको अन्तिम अध्याय सुरू भयो ।
- आफ्नो राजधानी जोगाउन नसकेपछि जयप्रकाश मल्लले कान्तिपुर छोड्नुपऱ्यो । २५ सेप्टेम्बर १७६८ मा कान्तिपुरमाथिको उनको शासन अन्त्य भयो, र पृथ्वीनारायण शाहले काठमाडौंमा आफ्नो नियन्त्रण स्थापित गरे ।
- रूरूरूरू यस घटनासँगै काठमाडौंमा मल्ल राजाहरूको लामो राजनीतिक युग समाप्त भयो र पृथ्वीनारायण शाहको नेतृत्वमा नयाँ राजनीतिक शक्ति उदायो । पछि यही प्रक्रियाले आधुनिक नेपालको एकीकरणतर्फ महत्वपूर्ण आधार तयार गऱ्यो ।
- तर जयप्रकाश मल्ललाई केवल "पराजित राजा" भनेर सम्भनु अधुरो हुन्छ । उनको समयमा विकसित भएको काठमाडौंको कला, वास्तुकला, जात्रा, साहित्य र दरबार संस्कृति आज पनि उपत्यकाको सांस्कृतिक पहिचानको महत्वपूर्ण हिस्सा बनेर जीवित छ । क्रमशः.....

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्




आज मिति
२०८३ साल
भदौ १९ गते
शुक्रबार
4 Sept. 2026
तिथि: अष्टमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | कार्यमा निकै खट्नु पर्ने । आयमा बृद्धि । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | नातागोतासँग भेटघाट । कार्यबाट धन लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | खुट्टामा सामान्य समस्या । खर्च बढ्ने । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | कारोबारमा सफल । आफन्तको सहयोग । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पिताजीसँग विवाद । व्यापारबाट लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | सरकारसँग विवाद । धर्ममा रूचि । |
| तुला | रा री रु रे रो ता ती तु ते | अपजस मिल्ने । शरीरमा समस्या । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | जीवन साथीको प्रगति । कार्यमा सफलता । |
| धनु | य यो भा भी भ धा फा ढ भे | व्यवसायबाट लाभ । मित्रबाट सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | सन्तानसँग विवाद । कार्यमा ढिलाई । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | सन्तानसँग विवाद । कार्यमा ढिलाई । |
| मीन | दि दु थ भ ञ दे दो चा ची | आम्दानी बढ्ने । भाइबैनीबाट सहयोग । |



*सर्वोदय स्कूलमा लाखे नाच : दमक ५ स्थित सर्वोदय अंग्रेजी बोर्डिङ स्कूलमा बुधबार नेवार समुदायको लाखे नाँच देखाउदैं नृत्य टोली । सिक्ने स्कूलको छुटटै परिचय दिन सफल यस स्कूलले लाखे जात्रामा निकालिने नाचका विषयमा विद्यार्थीहरूले साक्षात्कार गर्ने अवसर पाएका थिए ।*

## मन्त्रिपरिषद् बैठकका निर्णयहरू

- *एसियाली विकास बैंकबाट भोटेकोशी बाढी प्रभावित जनताको जीवनरक्षा तथा तत्कालीन आपतकालीन उद्धार तथा राहत कार्यका लागि प्राप्त हुने ५ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने ।*
- *रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित व्यक्ति, उद्योग, व्यपार तथा व्यवसायलाई तत्काल सुचारु गर्न एकीकृत व्यवसाय पुनर्स्थापन योजना अन्तर्गत राहत, कर तथा महसुल लगायत अन्य सहुलियत तथा सुविधान उपलब्ध गर्ने ।*
- *साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत कूल २५ हजार मेट्रिकटन परिणामको चिनी १ प्रतिशत भन्सार महसुल लिई आयात गर्न स्वीकृति प्रदान गर्ने ।*
- *रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछिको खोज तथा उद्धार खटिएका सुरक्षाकर्मी तथा राष्ट्रसेवक कर्मचारीलाई जोखिम भत्ता, खाजा खर्च, घाइते भएमा निःशुल्क औषधि उपचा, मृत्यु भएमा निजको परिवारलाई प्रतिमृतक १० लाख राहत उपलब्ध गराउने ।*
- *नेपाल प्रशासन सेवा समूहिकरणतर्फको राजपत्रांकित विशिष्ट श्रेणीको सचिव पदमा श्री नारायणप्रसाद भट्टलाई बढुवा गर्ने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कोशी प्रदेशको मुख्यसचिव पदमा पदस्थापन गर्ने ।*

# बाढीपीडितका लागि १५ बैंकको करिब ४३ करोड सहयोग

**दमक/** रसुवाको भोटेकोशी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि विभिन्न बैंक तथा वित्तीय संस्थाले आर्थिक सहयोग गरेका छन् । हिमालय टेलिभिजनले सार्वजनिक गरेको विवरणअनुसार १५ वटा बैंक तथा वित्तीय संस्थाले गरी ४२ करोड ९३ लाख रूपैयाँ सहयोग गरेका छन् । सार्वजनिक विवरणअनुसार ग्लोबल आईएमई बैंकले सबैभन्दा बढी ५ करोड रूपैयाँ सहयोग गरेको छ । त्यस्तै नेपाल इन्भेस्टमेन्ट मेगा बैंकले ४ करोड १ लाख रूपैयाँ सहयोग गरेको छ ।

यसैगरी एनएमबी बैंकले ३ करोड ५९ लाख, कुमारी बैंकले ३ करोड ३१ लाख, प्राइम कमर्सियल बैंकले ३ करोड ८ लाख, हिमालयन बैंकले ३ करोड १ लाख र नेपाल बैंकले ३ करोड १ लाख रूपैयाँ सहयोग गरेका छन् ।

राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकले ३-३ करोड रूपैयाँ सहयोग गरेका छन् । त्यस्तै सिद्धार्थ बैंकले २ करोड ५९ लाख, नेपाल इन्फ्रास्ट्रक्चर बैंकले २ करोड ५० लाख, सानिमा बैंकले २ करोड २५ लाख, एनआईसी एशिया बैंकले २ करोड २२ लाख र प्रभु बैंकले २ करोड ११ लाख रूपैयाँ सहयोग गरेका छन् ।

यसैगरी कामना सेवा विकास बैंकले २५ लाख रूपैयाँ सहयोग गरेको विवरणमा उल्लेख छ ।

बाढी तथा पहिरोबाट रसुवासहित नुवाकोट, धादिङलगायतका जिल्लामा ठूलो जनधनको क्षति भएपछि सरकारले राहत, उद्धार र पुनःस्थापनाका लागि सहयोग जुटाइरहेको छ । विपद्को समयमा बैंक तथा वित्तीय संस्थाबाट भएको यस्तो आर्थिक सहयोगले प्रभावित नागरिकका लागि राहत तथा पुनःस्थापनाका कार्यक्रम सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

सरकारले स्वदेश तथा विदेशबाट प्राप्त आर्थिक सहयोगलाई राहत तथा पुनःस्थापनामा परिचालन गर्ने जनाएको छ । पछिल्लो विपद्ले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएकाले तत्कालीन राहतसँगै प्रभावित परिवारको दीर्घकालीन पुनःस्थापनाका लागि समेत ठूलो स्रोत आवश्यक पर्ने देखिएको छ ।

# सर्वोदयद्वारा प्रधानमन्त्री राहत कोषमा १ लाख बढी सहयोग

**दमक/** दमक-५ स्थित सर्वोदय इङलिस बोर्डिङ सेकेन्डरी स्कुलले मध्य भोटेकोशीमा आएको बाढीबाट विस्थापितहरूको राहत तथा पुनःस्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १लाख बढी रूपैया सहयोग उपलव्ध गराउने भएको छ ।

विद्यालयका प्रिन्सीपल नविन योगीका अनुसार विद्यालय परिवारको तर्फबाट रू. १ लाख १ हजार १ सय ४५ राहत रकम जम्मा गर्ने निर्णय गरिएको हो। उनले विद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थी तथा व्यवस्थापन पक्षको सहभागितामा उक्त रकम संकलन गरी कोषमा जम्मा गर्ने निर्णय गरिएको उनले बताए ।

विपद्को समयमा पीडित परिवारको दुःखमा साथ दिनु सबैको साझा दायित्व भएको उनले बताए । विद्यालयले सामाजिक उत्तरदायित्व अन्तर्गत बाढीपीडितका लागि सहयोग गर्ने निर्णय गरेको उनको भनाइ छ । स्मारिकाको कोषमा ४० हजार सहयोग कमल ५ पाडाजुंगीस्थित स्मारिका सामुदायिक बोर्डिङ स्कुलले आˆनो सामाजिक तथा मानवीय दायित्वलाई आत्मसात गर्दै भोटेकोशी क्षेत्रमा गएको विनाशकारी बाढीबाट प्रभावित परिवारहरूको सहयोगार्थ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रू. ४० हजार रूपैयाँ सहयोग प्रदान गरेको छ ।

विपद्को यस कठिन घडीमा पीडित परिवारहरूप्रति ऐक्यबद्धता जनाउँदै गरिएको यो सहयोग केवल आर्थिक सहयोग मात्र नभई मानवता, सहकार्य र सामाजिक उत्तरदायित्वप्रतिको हाम्रो प्रतिबद्धताको प्रतीक भएको विद्यालयले जनाएको छ ।

मंगलमय माविबाट २३ हजार बढी सहयोग

कमल ५ कै मंगलमय माध्यमिक विद्यालयका विद्यार्थीहरूले आˆनो खाजा खर्चबाट रकम बचत गरी बाढीपीडितहरूका सहयोगका लागि रू. २३ हजार ८ सय ८० संकलन गरेका छन्।

आˆनो सानो आवश्यकतालाई थाती राख्दै दैवी प्रकोपमा परेका आमा बूबा,दाजुभाइ तथा दिदीबहिनीहरूको पीडामा साथ दिन विद्यार्थीहरूले उक्त सहयोग जुटाएको हो ।

***विपद्मा.....*** समावेशी र पारदर्शी बनाउनुपर्छ । सत्ता र प्रतिपक्ष दुवैले दलीय स्वार्थभन्दा माथि उठेर, एकातिर सरकारको प्रशासनिक र प्राविधिक क्षमता तथा अर्कोतिर विपक्षीको विशाल जनपरिचालन क्षमतालाई जोड्न सके मात्रै यस्ता भीषण बाढी र पहिरोको संकटबाट मुलुकलाई सुरक्षित रूपमा अवतरण गरी बाहिर निकाल्न सकिन्छ । अहिले हेराहेर गर्ने र विरोधकालागि विरोधमात्रै गर्ने बेला होइन ।

# अमेरिकी पत्रकारलाई जेल सजाय

एजेन्सी/ चिनियाँ सरकारका लागि अमेरिकाभित्र गैरकानूनी रूपमा विदेशी एजेन्टका रूपमा काम गरेको अभियोगमा अमेरिकी पत्रकार थोमस वेयर पाउकेन द्वितीयलाई संघीय अदालतले दुई वर्ष जेल सजाय सुनाएको अमेरिकी न्याय मन्त्रालयले जनाएको छ ।

एकाउन्न वर्षीय पाउकेनले यस वर्षको सुरूवातमा अभियोग स्वीकार गरेका थिए। अदालतले उनलाई जेल सजायपछि ३६ महिना निगरानीमा राख्ने र सो अवधिमा विदेश यात्रा गर्न नपाउने आदेशसमेत दिएको छ । उनका वकिल चार्ल्स बर्नह्यामका अनुसार पाउकेनले फैसलाविरूद्ध अपिल नगर्ने निर्णय गरेका छन् । वासिङ्टन र बेइजिङबीच तनाव बढिरहेका बेला चिनियाँ सरकारका लागि कानूनी रूपमा आवश्यक खुलासा नगरी काम गरेको आरोपमा भएको यो पछिल्लो अमेरिकी संघीय अभियोजन हो ।

# कचनकवलद्वारा २९ लाख सहयोग



**झापा/** कचनकवल गाउँपालिकाले रसुवा बाढी पीडितका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रू २९ लाख छ हजार १०० सहयोग रकम उपलब्ध गराउने निर्णय गरेको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत स्काइ पोखरेलका अनुसार गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक एवं कर्मचारीका तर्फबाट सो रकम एकमुष्ट रूपमा कोषमा दाखिला गर्न लागिएको हो ।

विपद् व्यवस्थापन कोषबाट एक लाख, जनप्रतिनिधिका तर्फबाट ७१ हजार, सम्पूर्ण गाउँपालिका कर्मचारीका तर्फबाट नौ लाख २२ हजार ५२४ र सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीका तर्फबाट १८ लाख १२ हजार ५६७ गरी कुल २९ लाख छ हजार १०० उपलब्ध गराउने निर्णय गरेको हो ।

## श्रम संस्कृतिको राहत कोषमा ६ लाख ४९ हजार संकलन

**धरान/** श्रम संस्कृति पार्टीको बाढीपीडित राहत संकलन समितिको कोषमा हालसम्म ६ लाख ४९ हजार ८ सय ६३ रुपैयाँ संकलन भएको छ। पार्टीका प्रदेश अध्यक्ष प्रताप राईका अनुसार प्रदेश सदस्य तथा अन्य शुभेच्छुकहरूबाट उक्त रकम संकलन भएको हो। विपद्बाट प्रभावित नागरिकलाई राहत उपलब्ध गराउने उद्देश्यले पार्टीले राहत संकलन अभियान सञ्चालन गरेको जनाएको छ। संकलित रकमबाट प्रभावित क्षेत्रमा राहत सामग्री खरिद गरी पार्टीका केन्द्रीय अध्यक्षको नेतृत्वमा वितरण गरिने अध्यक्ष राईले जानकारी दिए। राहत वास्तविक प्रभावितसम्म पुऱ्याउने गरी आवश्यकताका आधारमा वितरण गरिने जनाइएको छ।

# ७ प्रदेशको २३ करोड १६ लाख सहयोग

**दमक/** रसुवाको भोटेकोशी बाढी तथा पहिरोबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि विभिन्न प्रदेश सरकारले आर्थिक तथा राहत सामग्री सहयोग गरेका छन् । सार्वजनिक विवरणअनुसार सात प्रदेशले गरी २३ करोड १६ लाख रुपैयाँ बराबरको सहयोग गरेका छन् । सबैभन्दा बढी गण्डकी प्रदेशले ८ करोड रुपैयाँ सहयोग गरेको छ । त्यस्तै कोशी प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशले ३-३ करोड रुपैयाँ सहयोग गरेका छन् ।

यसैगरी कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशले २-२ करोड रुपैयाँ सहयोग गरेका छन् । मधेश प्रदेशले भने २ करोड १६ लाख रुपैयाँ बराबरको राहत सामग्री उपलब्ध गराएको छ ।

यसरी सातवटै प्रदेशबाट प्राप्त सहयोगको कुल मूल्य २३ करोड १६ लाख रुपैयाँ पुग्छ । भोटेकोशी बाढीका कारण रसुवासहित नुवाकोट, धादिङलगायतका क्षेत्रमा ठूलो जनधनको क्षति भएपछि उद्धार, राहत र पुनःस्थापनाका लागि देशभरबाट सहयोग जुटिरहेको छ । प्रदेश सरकारहरूले उपलब्ध गराएको आर्थिक तथा राहत सामग्री प्रभावित नागरिकको तत्कालीन आवश्यकता पूरा गर्न तथा पुनःस्थापनाका काममा उपयोग गरिने अपेक्षा गरिएको छ ।




# तराई फास्ट-ट्र्याकको सबभन्दा लामो सुरूङ 'ब्रेक थ्रु'

**दमक/** काठमाडौं तराई फास्ट-ट्र्याकको सबभन्दा लामो सुरूङ 'ब्रेक थ्रु' भएको छ ।

धेद्रेबाट महादेवटार जोड्ने झण्डै साढे ३ किलोमिटरको सुरूङ जोडिएको हो । आयोजनासँग सम्बन्धित इन्जिनियर मंगललाल श्रेष्ठ सुरूङ 'ब्रेक थ्रु' भएको जानकारी सामाजिक सञ्जाल फेसबुकमा दिएका छन् ।

'बाढीले ल्याएको जीवन-मरणको दुःखको बेलामा एउटा सुखद् खबर छ । हामी संलग्न काठमाडौं तराई फास्ट ट्र्याक आयोजनामा पर्ने संलग्न काठमाडौं तराई फास्ट ट्र्याक आयोजनामा पर्ने ३.४८६ कि. मि. लामो धेद्रे-महादेवटार टनेलको सफलतापूर्वक ब्रेक थ्रु भएको छ,' श्रेष्ठले लेखेका छन् ।

७१ किलोमिटर लम्बाई रहेको फास्ट ट्र्याकमा झण्डै ११ किलोमिटर सुरूङले ओगटेको छ । योसँगै फास्ट ट्र्याकमा तीन वटा सुरूङ मार्ग ब्रेक थ्रु भएको छ ।

यसअघि नै १ दशमलव ६९ किलोमिटरको धेद्रे सुरूङ र १ दशमलव ६२ किलोमिटरको लेनडाँडा सुरूङ ब्रेक थ्रु भएको थियो । यी तीन वटै ट्विन ट्युब टनेल फास्ट ट्र्याकको सुरूआती डिजाइनमा समेटिएका थिए ।

तर पछिल्लो समय डिजाइन परिवर्तन गरी फास्ट ट्र्याकमा सुरूङको संख्या ७ पुऱ्याइएको छ ।



महादेवटार सुरूङपछि सबभन्दा लामो चन्द्राम भीरमा निर्माणाधीन २ दशमलव २३ किलोमिटरको सुरूङ निर्माण प्रारम्भिक चरणमा छ ।

त्यस्तै, १ किलोमिटरको देवीचौर सुरूङ र ३ सय ९० मिटरको सिसौटार सुरूङ पनि निर्माण केवल २० मिटर मात्र खनिएको छ। तर दुवै सुरूङ लम्बाइका हिसाबले छोटा भएकाले गति लिन सक्ने अवस्था छ ।

त्यस्तै, मौरी भीरमा निर्माण हुने ५ सय ८३ मिटर लम्बाइको सुरूङको भर्खर मात्र खन्ने ठाउँ अर्थात् पोर्टल निर्माण भएको छ । काठमाडौं तराई फास्ट ट्र्याकको शिलान्यास २०७४ साल जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गरेका थिए ।

यो आयोजना २०८३ चैत मसान्तभित्र सम्पन्न गर्ने गरी सेनाले जिम्मा पाएको थियो। तर पछिल्लो पटक आयोजनाको म्याद एकमुष्ठ ३ वर्ष थपिएको छ । आयोजनाको खोकना क्षेत्रमा अझै काम सुरू हुन सकेको छैन । खोकना क्षेत्रबाट काठमाडौंको चक्रपथसम्म जोड्ने गरि फास्ट ट्र्याकको डिपिआर पुनः परिमार्जन गर्न लागिएको छ ।

खोकना र पहाडी भूभागमा फास्ट ट्र्याक २५ मिटर फराकिलो हुने गरी निर्माण हुँदैछ । त्यस्तै तराईको भूभागमा २५ मिटर फराकिलो हुनेछ। आयोजनामा ८९ वटा पुल निर्माण गर्नु पर्नेछ । पुलको लम्बाई मात्र १२ दशमलव ९७ किलोमिटर रहेको छ । जसमध्ये केवल १३ वटा पुल निर्माण सम्पन्न भएका छन् ।

नेपाली सेनाले फास्ट ट्र्याक विभिन्न १२ वटा टुक्रा बनाएर ठेक्का लगाएको छ । आयोजनाको काम अहिलेसम्म झण्डै आधा मात्र सकिएको छ । यो सडक निर्माणपछि काठमाडौंबाट तराई-मधेस केवल १ घण्टामा पुग्न सकिनेछ ।

***विज्ञसहित.....*** छ । उनीहरूले नेपाल आइपुगेलगत्तै आफ्नो काम सुरु गर्नेछन् । यस चरणको राहत सामग्रीमा नेपाललाई विपद् उद्धार तथा राहत कार्यका लागि अत्यावश्यक रहेका बेली पुलहरू पनि समावेश छन् । पहिलो चरणका बेली पुल निर्माणका लागि आवश्यक विशेष उपकरण भने स्थलमार्ग हुँदै लिजी-नेचुङ सीमा नाकामा पुगिसकेको र हस्तान्तरणको तयारी भइरहेको जनाइएको छ । चीनले यसअघि पनि नेपाललाई आपत्कालीन राहत सामग्री, उद्धार उपकरण तथा विशेषज्ञ टोली पठाउँदै आएको छ ।

# शिक्षासेवी गुरुभक्त न्यौपानेको प्रतिमा अनावरण



**झापा/** शिक्षासेवी स्वर्गीय गुरूभक्त न्यौपानेको प्रतिमा अनावरण गरिएको छ ।

कन्चनजंघा अंग्रेजी आवासीय माध्यमिक विद्यालयका संस्थापक प्राचार्य न्यौपानेको अर्धकदको प्रतिमा विद्यालय परिसरमा निर्माण गरी आज अनावरण गरिएको उनका छोरा डा. केशवराज न्यौपानेले बताए । उनले प्रथम वार्षिकीको अवसरमा आफ्ना बुबाको अमर सम्झना र योगदानलाई जीवन्त राख्ने उद्देश्यले विद्यालय परिसरमा प्रतिमा अनावरण गरिएको जानकारी दिए। गत वर्षको साउन ३० गते शिक्षासेवी गुरूभक्त न्यौपानेको ६६ वर्षको उमेरमा निधन भएको थियो ।

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने, वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

सेवामा आवद्ध डाक्टरहरु

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com